जसले कुनै समुदाय को नक्कल गर्छ, त्यो तिनीहरूमध्ये एक हो ।

अब्दुल्लाह बिन उमर (रजियल्लाहु अन्हुमा) ले वर्णन गरेका छन्, रसूल (सल्लल्लाहु
अलैहि वसल्लम) ले भन्नुभएको छ : "जसले कुनै समुदाय को नक्कल गर्छ, त्यो तिनीहरूमध्ये
एक हो ।"
[हसन] [अबू दाउद र अहमदले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभएको छ, जसले कुनै अविश्वासी, अवज्ञाकारी वा धार्मिक समुदायको आस्था, उपासना वा विशेष रीतिरिवाको नक्कल गर्छ, ऊ ती मानिसहरूमध्ये गनिनेछ । किनभने बाहिरी रूपमा नक्कल गर्नाले तिनीहरूको भित्री रूपमा अनुकरण गर्न जान्छ । कुनै पनि समुदायको नक्कल गर्नु भनेको त्यस समुदायप्रति मानसिक झुकाव, प्रेम र सम्मानको परिणाम हो भन्ने कुरामा कुनै शंका छैन । यसले व्यक्तिलाई भित्री रूपमा पनि अनुकरण गर्न निम्त्याउँछ (यस्ता कामबाट अल्लाहको शरण होस्) ।

https://sunnah.global/hadeeth/ne/show/5353